**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**भरतपुर अस्पताल, चितवन**

# भाडा वढावढ सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९।१०।२७)**

यस अस्पतालको कपाउण्ड भित्र रहेको आन्तरिक राजश्व कार्यालय अगाडीको ५(पाँच) कोठे सटरहरु मध्येको सटर नं ०१ मात्र ३ वर्षको लागि भाडा वढावढको माध्यमवाट भाडामा दिनु पर्ने भएकोले तपशिल वमोजिमको शर्तमा रहि यस कार्यालयको वेभसाईड www.bharatpurhospital.gov.np को eProcurement System मार्फत वोलपत्र पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१) वोलपत्र फाराम दस्तुर रु १०००।- मात्र यस भरतपुर अस्पताल विकास समितिको राष्ट्रिय वाणिज्य वैंक भरतपुरमा रहेको च.हि.नं. १३१०१००००९६७००१ मा सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र जम्मा गरी ३१ औ दिनको १२ वजे भित्र यस कार्यालयको वेभसाईड www.bharatpurhospital.gov.np को eProcurement System मार्फत अनिवार्य पेश गर्नु पर्ने छ।

२) यस कार्यमा समावेश हुनको लागि नेपाली नागरिक, ईजाजत प्राप्त सम्वन्धित फर्म एवं व्यवसायीहरुले मात्र पाउनेछन र सो का लागि अनिवार्य रुपमा नेपाली नागरिकको हकमा नागरिकताको फोटोकपी र ईजाजत प्राप्त सम्वन्धित फर्म एवं व्यवसायीहरुले फर्मदर्ता प्रमाणपत्र साथै आ.व ०७८।०७९ को करचुक्ताको प्रमाणपत्र पेश गर्नु पर्ने छ।

३) उत्तर पुर्व तर्फवाट दक्षिण हुदै पशिचम तर्फका सटरहरु मध्येको पहिलो सटर को मात्र वोलपत्र पेश गर्न सक्नेछ।

४) वोलपत्र पेश गर्दा वोलपत्रदाताले वोलपत्र जमानत रकम वापत आफुँले कवोल गरेको एकमुष्ठ ३ वर्षको भाडा रकमको ३ प्रतिशतले हुन आउने रकम को.ले.नि.का.चितवनको खाता नं. १३१०१००१०२०३०००० मा नगद जम्मा गर्न हुन (जम्मा गर्न पठाउने कार्यालयको कोड नं. ३७०००३१०२) वा क वर्गको ईजाजत प्राप्त वैकं वाट कम्तिमा १२० दिन म्याद भएको वैक जमानत पेश गर्नु पर्ने छ।

५) कुनै कारणवश वोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कायम गरिने छ।

६) पेश भएका वोलपत्रहरु यो सूचना प्रकाशित मितिले ३१ (एकतिसौ) औं दिन, दिनको १:०० बजे यस अस्पतालमा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ र वोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि वोलउपत्र खोलिनेछ।

७) वोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस अस्पतालमा निहित रहने छ।

८) वोलपत्रदाताले न्यूनतम मासिक रकम रु.१८,१५०।- (अक्षरुपी रु अठार हजार एक सय पचास मात्र, भाडा वहाल समेत) भाडा दर कायम गरिएको छ, सोहि वमोजिम वोलपत्रदाताले वोलपत्र पेश गर्नुपर्नेछ। स्वीकृत भाडा दरमा प्रत्येक बर्ष १०( दश) प्रतिशतका दरले भाडा बृद्धि गरिनेछ।

९) वोलपत्र स्वीकृत भए पश्चात संभ्मौता हुनु अगाबै कबोल गरेको रकमको सुरुको ६ महिनाको भाडा रकम धरौटी वापत राखि संभ्मौता गरिनेछ । साथै प्रत्येक चालु महिनाको ५ गतेभित्र अनिवार्य रुपमा भाडा रकम यस अस्पतालमा बुझाउनुपर्नेछ।

नि. प्र. मे. सु.

१०) भाडा बढाबढको सूचना सम्बन्धी अन्य जानकारीको आवश्यक परेमा यस अस्पतालमा सम्पर्क राख्न सकिने छ ।

११) वोलपत्र सम्बन्धी अन्य शर्त र तोकिएको न्यूनतम भाडादर वोलपत्र फाराम साथ उपलब्ध हुनेछ ।

१२) विजुली, पानीको महशुल , फोहोर ब्यवस्थापन तथा अन्य मर्मत, रंगरोगजन्य सम्पुर्ण कार्य वोलपत्र दाता स्वंयमले गर्नु पर्ने छ ।

१३) वोलपत्रदाताले उक्त सटरमा औषधि तथा सर्जिकल जन्य सामान, धुम्रपान तथा मध्यपान जन्य सामान विक्रि वितरण गर्न पाईने छैन ।

१४) यसमा नपरेको अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

नि. प्र. मे. सु.

यछढनेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल,भरतपुर चितवन

## सटरभाडा वढावढको वोलपत्र फाराम (ठे.नं. ६०, ०७९।०८०)

| विवरण | न्युनतम मासिक भाडा | कवोल रकम मासिक | | कवोल रकम वार्षिक | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| यस अस्पतालको कम्पाउण्ड भित्र रहेको आ.रा.का.अगाडीको सटरहरु मध्येको पुर्व तर्फ वाईपासरोड फर्किएको उत्तर पुर्वको पहिलो सटर, सटर नं. ०१( १ वटा कोठा) ३ (तिन) वर्षको लागि भाडामा लगाउने कार्य | न्युनतम मासिक भाडा रकम रु १८,१५०।-(घर वहाल कर समेत) | | | | | |
| वोलपत्र पेश गर्ने वोलपत्रदाताको नाम | - | | | | | |
| वोलपत्र पेश गर्ने वोलपत्रदाताको ठेगाना | - | | | | | |
| दस्तखत तथा छाप | - | | | | | |
| मिति | - | | | | | |

नि. प्र. मे. सु.